# गोलन्जोर गाउँपालिका

## Golanjor Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

०४७-६९२०२५
०४७-६९१९३२

ग्वाल्टार,सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश,नेपाल
Bagmati Province, Nepal


मितिः २०८०।०१।२०

**जानकारी सम्बन्धमा ।**

आदरणीय गोलन्जोर गाउँपालिकाबासी महानुभावहरुमा गोलन्जोर गाउँपालिकाको तर्फबाट हार्दिक नमस्कार ।

यस गोलन्जोर गाउँपालिकाको अध्यक्ष एबम उपाध्यक्षको बिषयमा सामाजिक सञ्जालमा बिगत केही दिन यता बिभिन्न किसिमका टिका टिप्पणी र भ्रमपुर्ण समाचारहरु प्रकाशित भएकोमा हाम्रो ध्यानाकर्षण भएको छ । गोलन्जोर गाउँपालिकाको गाउँसभा तथा कार्यपालिकाको निर्णय र सम्पुर्ण प्रकृया पुरा गरी कार्यालय प्रयोजन तथा जनताको सेवामा द्रुत गती कायम गर्न दुईवटा गाडी खरिद प्रकृया सम्पन्न भएको हो । उक्त गाडीलाई अत्यावस्यक डेकोरेशनको सामानको हालसम्म रुजू तथा स्टोरमा दाखिला नभएको तथा भुक्तानी समेत नभएको,। इन्धन खरिद कार्य प्रचलित नियमानुसार नै भएको र आवश्यक्ता भन्दा बढी खर्च गर्ने गराउने कार्य नभएको ब्यहोरा स्पष्ट छ । कार्यालयको सवारी साधन प्रयोग गर्दा आवश्यक इन्धन लगायत मर्मत सम्भार र सर्भिसिङ्ग जस्ता कार्यमा हुने खर्चहरु कार्यालयबाट नै रुजू तथा दाखिला भई खर्च हुने गरेको,। प्रचलित नियम अनुसारको बिलहरु भुक्तानीको लागी कार्यालयमा पेश गर्ने क्रममा अनावश्यक रुपमा भ्रमपुर्ण र राजनितिक पुर्वाग्रह राखी फेसबुक, अनलाइन मिडिया लगायत समाजिक सञ्जालहरुमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई लक्षित गरी मानहानी समेत हुने किसिमका भ्रमहरु फैलाउने कार्यहरु भएकोमा ति सबै भ्रमहरु कपोल कल्पित र पुर्वाग्रही देखिन्छ । यदि त्यस्तो कुनै गलत प्रबृति भएको भए सम्बन्धित पक्षहरु बसी छलफल गर्न र सुधार समेतका लागि गाउँपालिका. तत्पर रहेको व्यहोरा सम्पूर्ण आदरणीय गोलन्जोरबासी जनसमुदायहरुमा अनुरोध छ । यस्ता भ्रमका कारण गाउँपालिका कार्यालयमा हुने दैनिक प्रशासनिक कार्यसम्पादन, विकास निर्माण कार्य लगायत सम्पूर्ण सेवामा समेत प्रत्यक्ष असर पर्ने भएको हुँदा सत्य तथ्य नबुझी त्यस्ता भ्रमपुर्ण अफवाह नफैलाउन हुन सम्बन्धित पक्षहरुलाई ध्यानाकर्षपण गरिन्छ ।

हामीलाई यो पनि थाहा छ कि गोलन्जोर गाउँपालिकाको अभिभावक जनप्रतिनिधि भईरहँदा आम गोलन्जोर गाउँबासीलाई छिटो छरितो र सुशाशनयुक्त सेवा प्रवाह गर्ने गराउने क्रममा गलत प्रबृतिका ब्यक्तिहरुलाई बाधा असर पर्न जाला जसको फलस्वरुप केही आरोप प्रत्यारोपहरु आउन सक्छन् । सायद त्यसैकारण हाम्रा जनप्रतिनिधि अध्यक्ष उपाध्यक्षको बिषयमा भ्रमपुर्ण समाचारहरु आएको हुन सक्छ । यस्ता भ्रमपुर्ण, तथ्यहिन र गलत समाचारहरु प्रति बिश्वास नगर्न हुन सम्पुर्ण गोलन्जोर गाउँपालिका बासीहरुमा अनुरोध गर्दै सत्य तथ्य र अन्य आवश्यक जानकारी लिनु परेको खण्डमा गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालयमा प्रत्यक्ष सम्पर्क गर्नु हुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

१।२०

रेगन राज थापा
प्रवक्ता
गोलन्जोर गाउँपालिका
ग्वाल्टार सिन्धुली

**रेगन राज थापा**
**प्रवक्ता**